# नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं


मिति : २०७७ पुस १६

**प्रेस विज्ञप्ति**

टिविआई पब्लिकेशन प्रालिद्वारा प्रकाशित कारोबार राष्ट्रिय दैनिकबाट निष्काशित श्रमजीवी पत्रकारहरुको स-सम्मान पुन:र्बहाली, श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन, सरकारले तोकेको पारिश्रमिक (स्केल बमोजिम) उपलब्ध गराउनुपर्ने लगायतका माग राखी नेपाल पत्रकार महासंघले घोषणा गरेको आन्दोलनका सन्दर्भमा महासंघ केन्द्र, महासंघ कारोबार शाखा र कारोबार व्यवस्थापन बीच आज २०७७ पुस १६ गते महासंघका सचिव एवम् कारोबार संघर्ष समितिका संयोजक प्रकाश थापाको रोहबरमा भएको त्रिपक्षीय सहमती अनुसार महासंघले आन्दोलनका घोषित कार्यक्रमहरु फिर्ता लिएको छ ।

सहमती अनुसार कारोबार व्यवस्थापनले १५ दिनभित्र सबै निष्काशित श्रमजीवी पत्रकारहरुको स-सम्मान पुन:र्बहाली गर्ने, श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन गर्ने र सरकारले तोकेको पारिश्रमिक (स्केल बमोजिम) उपलब्ध गराउने छ । महासंघ सबै पक्षबाट यस सहमतीको पूर्ण पालना हुने कुरामा विश्वस्त छ ।

महासंघको आन्दोलनलाई साथ र सहयोग गर्ने महासंघका प्रदेश समिति, शाखाहरु, एसोसिएट सदस्य, सहयात्री पत्रकार संघ संगठनहरु लगायत सबैलाई धन्यवाद व्यक्त गर्दछ ।

रमेश विष्ट
महासचिव


फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepalcetral@gmail.com, Website: www.fnjnepal.org